**मिति २०७८।०१।०५ गते बसेको जिल्लाका स्थानीय तहहरुका प्रमुख प्रशासकीय अधिकृत एवं सरकारी कार्यालयहरुका कार्यालय प्रमुखको बैठकबाट भएका निर्णयहरु :**

**निर्णय:१**

सेवाग्राहीको बढी भिड भाड हुने कार्यालयमा सहज सेवा प्रवाह गर्न सबै कार्यालय प्रमुखले तत्परता देखाई कर्मचारीको व्यवस्थापन गर्ने।

**निर्णय:२**

कोभिड-१९ को संक्रमण बढिरहेको अवस्थामा सबै कार्यालयले संक्रमण न्यूनीकरण गर्न Health Protocol पालना गरेर सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने कुनै कर्मचारी वा सेवा लिन आउने सेवाग्राहीलाई संक्रमण भएमा उक्त स्थान मात्र Seal गरी Sanitize गर्ने र कार्यालयका सबै सेवा बन्द नगर्ने।

**निर्णय:३**

जिल्ला प्रशासन कार्यालयबाट कतिपय कार्यालयमा पत्रचार गर्दा समयमा जवाफ प्राप्त नभएको हुँदा समयमा पत्रको जवाफ पठाउने व्यवस्था मिलाउने।

**निर्णय:४**

बिकास निर्माण सम्बन्धी कार्यालयले बर्षातको कारण प्रभावित हुने स्थानमा बिकास निर्माण सम्बन्धी काम बर्षायाम अगाबै समपन्न गर्ने व्यवस्था मिलाउने, कतिपय रुग्ण योजनाहरु लामो समय देखि प्रगति नदेखिएको हुँदा त्यस्ता आयोजना समयमै सम्मपन्न  गर्ने व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने।

**निर्णय:५**

सार्वजनिक विदाका दिन सरकारी सवारी साधनको प्रयोग गर्दा अनुमति लिएर मात्र प्रयोग गर्न व्यवस्था मिलाउने।

**निर्णय:६**

कतिपय कार्यालयहरुले नागरिक वडापत्र अद्यावधिक गरेको नपाइएको हुँदा अद्यावधिक गर्ने व्यवस्था मिलाउने।

२०७८।१।५